# राष्ट्रिय शिक्षा पुरस्कारका लागि सिफारिस तथा प्रदेश शिक्षा पुरस्कार वितरण मापदण्ड, २०८१

देशको समग्र विकास र समुन्नतिको लागि शैक्षिक क्षेत्रमा उत्कृष्ट स्थान हासिल गर्ने शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई प्रदान गर्ने राष्ट्रिय शिक्षा पुरस्कार र विद्यालय एवम् सामुदायिक क्याम्पसलाई प्रदान गर्ने  प्रदेश शिक्षा पुरस्कार प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले यो मापदण्ड बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस मापदण्डको नाम "राष्ट्रिय शिक्षा पुरस्कारका लागि सिफारिस तथा प्रदेश शिक्षा पुरस्कार वितरण मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "निर्देशिका" भन्नाले नेपाल विद्याभुषण, नेपाल प्रविधि विद्याभूषण,नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी निर्देशिका,२०७७ लाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेशलाई सम्झनुपर्छ।

(घ) "पुरस्कार" भन्नाले दफा ३ बमोजिमको पुरस्कारलाई सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्दछ।

(च) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेश सम्झनु पर्छ।

(छ) "शैक्षिक संस्था" भन्नाले नियमित रुपमा अनुदान पाउने वा नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त सामुदायिक, सार्वजनिक, संस्थागत, निजी, सार्वजनिक गुठी एवम् उच्च शिक्षा प्रदान गर्ने सामुदायिक क्याम्पसहरुलाई सम्झनु पर्छ।

(ज) "विद्यालय" भन्नाले नियमित रुपमा अनुदान पाउने वा नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त सामुदायिक, सार्वजनिक, संस्थागत, सार्वजनिक गुठी अन्तरगत सञ्चालित विद्यालय सम्झनु पर्छ।

(झ) "क्याम्पस" भन्नाले सम्बन्धित विश्व विद्यालयको प्रचलित कानून वमोजिम स्थापना भई सञ्चालनमा रहेका सामुदायिक क्याम्पसहरुलाई सम्झनु पर्छ।

(ञ) "अध्यक्ष" भन्नाले सामुदायिक क्याम्पस र विद्यालयको व्यवस्थापन समिति अध्यक्ष सम्झनु पर्छ।

(ट) "शिक्षक" भन्नाले  उपदफा (झ) वमोजिमका क्याम्पस तथा वालविकास केन्द्रदेखि कक्षा १२ सम्म अध्यापनरत क्याम्पस प्रमुख, प्रधानाध्यापक तथा बालविकास केन्द्रका सहजकर्ताहरु समेतलाई सम्झनु पर्दछ ।

(ठ) "कर्मचारी" भन्नाले क्याम्पस तथा विद्यालयका कर्मचारी सम्झनु पर्छ।

(ड) "राष्ट्रिय शिक्षा पुरस्कार" भन्नाले शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा दिवसको अवसरमा प्रदान गर्ने पुरस्कार सम्झनु पर्छ ।

(ढ) "प्रदेश शिक्षा पुरस्कार" भन्नाले प्रदेश स्तरमा प्रदान गरिने दफा (३) वमोजिमको पुरस्कार सम्झनु पर्छ।

३. **पुरस्कारको किसिमः** मन्त्रालयले राष्ट्रिय शिक्षा दिवसको अवसरमा देहाय बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा राष्ट्रिय शिक्षा पुरस्कारका लागि सिफारिस गर्ने र प्रदेश स्तरमा पुरस्कार प्रदान गर्न सक्नेछ :

| क्र.सं | पुरस्कारको नाम | पुरस्कार प्राप्त गर्ने संस्था | संख्या |
|---|---|---|---|
| क | उत्कृष्ट सामुदायिक क्याम्पस पुरस्कार | सामुदायिक क्याम्पस | |
| ख | उत्कृष्ट विद्यालय पुरस्कार | विद्यालय | |
| ग | राष्ट्रिय शिक्षा पुरस्कार सिफारिस | निर्देशिका बमोजिम | |

४. **पुरस्कार सिफारिसका आधारः** (१) समितिले निर्देशिकाको दफा २० को उपदफा (३) बमोजिम पुरस्कारको सिफारिस गर्दा देहाय बमोजिमका आधार लिनुपर्नेछः

**(क) शिक्षकका लागिः-**

(१) जुन तह र विषयको शिक्षक हो सोही तह र विषयमा अध्यापन गरेका कक्षाहरुमध्ये सबभन्दा माथिल्लो तहका विद्यार्थीको अन्तिम परीक्षाको नतिजा

(२) पुरस्कार वितरण गरिने भन्दा अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा उपस्थित दिन

(३) अध्यापन गरेको विषयमा गरेको अनुसन्धान प्रतिवेदन

तर, त्यस्तो अनुसन्धान प्रतिवेदन शिक्षकले कार्य सम्पादन मूल्याङ्कन फाराम भर्दा पेश गरेको हुनुपर्नेछ।

(४) सेवा अवधि (स्थायी र अस्थायी)

निवेदनको ढाँचा अनुसुची १ बमोजिम र मुल्याङ्कनका आधार अनुसुची २ बमोजिम हुनेछ।

**(ख) कर्मचारीका लागिः**

(१) अघिल्लो शैक्षिक सत्रमा विद्यालयमा उपस्थित दिन

(२) विद्यालय सेवा अवधि

(३) राम्रो आचरण भएको भनी विद्यालय व्यवस्थापन समितिले गरेको सिफारिस

(४) निवेदनको समग्र मुल्याङ्कन

निवेदनको ढाँचा अनुसुची ३ बमोजिम र मुल्याङ्कनका आधार अनुसुची ४ बमोजिम हुनेछ।

**(ग) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागिः**

(१) विद्यालयको समग्र नतिजा स्थानीय तहभित्र तुलनात्मक रुपमा राम्रो रहेको

(२) व्यवस्थापन समितिको बैठकको नियमितता विद्यालय सञ्चालन र व्यवस्थापनमा क्रियाशिलता राम्रो रहेको भनी सम्बन्धित स्थानीय तहले गरेको सिफारिस

(३) निवेदकको समग्र मुल्याङ्कन

निवेदनको ढाँचा अनुसुची ५ बमोजिम र मुल्याङ्कनका आधार अनुसुची ६ बमोजिम हुनेछ।

**(घ) उत्कृष्ट विद्यालय र सामुदायिक क्याम्पस पुरस्कार :** १) राष्ट्रिय शिक्षा दिवसको अवसरमा प्रदेशले उत्कृष्ट विद्यालय र सामुदायिक क्याम्पसलाई पुरस्कृत गर्न सक्नेछ ।

२)कक्षा ९ मा कम्तिमा ३० जना विद्यार्थीहरुको रजिष्ट्रेशन दर्ता भइ माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) मा कम्तिमा २५ जना विद्यार्थीहरु समावेश भएका सामुदायिक र संस्थागत विद्यालयको मूल्याङ्कन छुट्टाछुट्टै गरी पुरस्कार प्रदान गर्न सकिनेछ ।

विद्यालयले दिने निवेदनको ढाँचा अनुसुची ७ बमोजिम र मुल्याङ्कनका आधार अनुसूची ८ बमोजिम हुनेछ।

३) सामुदायिक क्याम्पसका लागि निम्नानुसारका आधारमा मूल्याङ्कन गरिनेछ :

| | |
|---|---|
| १) भौतिक सुविधा | २) तहगत विद्यार्थी उत्तिर्ण दर |
| १) प्रवर्तनात्मक कार्य | ४) अनुसन्धान, प्रकाशन र योग्यता |
| २) प्रशासनिक र आर्थिक व्यवस्थापन | ६) भर्नादर |

सामुदायिक क्याम्पसले पुरस्कारका लागि दिने निवेदनको ढाँचा अनुसुची ९ बमोजिम र मुल्याङ्कनका आधार अनुसुची १० हुनेछ।

**५.** **<u>पुरस्कार सम्बन्धी व्यवस्था:</u>** (१) समितिले निर्देशिकाको दफा २० को उपदफा (३) बमोजिम पुरस्कारका लागि सिफारिस गर्ने र प्रदेशबाट प्रदान गरिने पुरस्कार मन्त्रालयको निर्णय बमोजिम हुनेछ।

**६.** **<u>मूल्याङ्कन तथा पुरस्कार सिफारिस समिति:</u>** (१) मन्त्रालयमा प्राप्त निवेदनको मूल्याङ्कन गरी निर्देशिकाको दफा २० को उपदफा (३) बमोजिमको राष्ट्रिय शिक्षा पुरस्कारका लागि सिफारिस गर्न र यस मापदण्ड बमोजिम प्रदेशबाट प्रदान गरिने पुरस्कारका लागि सिफारिस गर्न देहायबमोजिमको मूल्याङ्कन तथा पुरस्कार सिफारिस समिति रहनेछ:

| | | |
|---|---|---|
| (क) | महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा, मन्त्रालय | संयोजक |
| (ख) | महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | उपमहानिर्देशक, शिक्षा विकास निर्देशनालय | सदस्य |
| (घ) | सामुदायिक क्याम्पससँग सम्बन्धित प्रतिनिधि १ जना | सदस्य |
| (ङ) | सामुदायि विद्यालयहरुसँग सम्बन्धित प्रतिनिधि १ जना | सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाई, कास्की | सदस्य |
| (छ) | कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (ज) | शाखा प्रमुख, सम्बन्धित शाखा | सदस्य सचिव |

(२) समितिले आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञ वा कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिले बैठक सम्बन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

७. **<u>पुरस्कारको सिफारिस तथा निर्णयः</u>** (१) प्रत्येक वर्ष राष्ट्रिय शिक्षा पुरस्कारका लागि सिफारिस गर्न र प्रदेश शिक्षा पुरस्कार प्रदान गर्न योग्य व्यक्ति वा संस्था छनौट गर्ने सिलसिलामा निवेदन सङ्कलन गर्न मन्त्रालयले सूचना जारी गर्न सक्नेछ।

(२) समितिले प्राप्त निवेदनलाई दफा (४) बमोजिमका आधारमा मूल्याङ्कन गरी पुरस्कार प्रदान गर्न योग्य व्यक्ति वा संस्थाको सिफारिस गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(३) मन्त्रालयले समितिबाट प्राप्त सिफारिस समेतका आधारमा निर्देशिकाको दफा २० को उपदफा (३) बमोजिम राष्ट्रिय शिक्षा पुरस्कारको लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सिफारिस गरी पठाउनेछ।

(४) मन्त्रालयले समितिबाट प्राप्त सिफारिसका आधारमा दफा ३ बमोजिमको प्रदेश शिक्षा पुरस्कार दिने निर्णय गर्न सक्नेछ।

८. **<u>पुरस्कार वितरणः</u>** (१) दफा ३ बमोजिमको पुरस्कारको लागि आवश्यक रकम मन्त्रालयको सालबसाली बजेटमा व्यवस्था गरिनेछ।

(२) प्रत्येक वर्ष शिक्षा दिवसको अवसरमा पुरस्कार घोषणा गरी प्रदेशस्तरको कुनै समारोहमा पुरस्कार र प्रमाणपत्र वितरण गरिनेछ ।

९. **<u>अयोग्य ठहरिनेः</u>** यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएको भएता पनि फौजदारी अभियोगमा कसूरदार ठहरिएको र अन्य प्रचलित कानूनले निषेध गरेको व्यक्ति यो मापदण्ड बमोजिम सम्मान र पुरस्कारको लागि प्रस्तावक र सम्मानित हुन योग्य मानिने छैन ।

१०. **<u>मापदण्डको विषयमा गरिने निर्णय :</u>** यस मापदण्डमा उल्लेख भएका विषयमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

११. **<u>बाधा अड्काउ फुकाउः</u>** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले मापदण्डको संशोधन गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची — १
### (मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
### राष्ट्रिय शिक्षा पुरस्कारको लागि शिक्षकले दिने निवेदनको ढाँचा

१. शिक्षकको नामथर: २. विद्यालयको नाम:

३. विद्यालयको ठेगाना: ४. सम्पर्क नम्बर :

५ हाल कार्यरत नियुक्ति तह, विषय : ६ अध्यापन गर्ने विषय र कक्षा :

७ नियुक्ति मिति : क) अस्थायी मिति २० ख) स्थायी मिति २०

८ क) जम्मा सेवा अवधि अस्थायी .......वर्ष............महिना .........दिन

ख) जम्मा सेवा अवधि स्थायी .......वर्ष............महिना .........दिन

९ आफु नियुक्त र कार्यरत तह र विषयमा अध्यापन गरेका कक्षाहरुमध्ये सवभन्दा माथिल्लो तहका

(कक्षा ३/ कक्षा ५/ कक्षा ८ / एस इ इ/ कक्षा १२ को विद्यार्थीहरुको अन्तिम परीक्षाको नतिजा) उपलव्धिको लेजर संलग्न गर्नुपर्ने)

१० पुरस्कार वितरण गरिने भन्दा अघिल्लो शैक्षिक सत्रमा जम्मा विद्यालय खुलेको दिन:

११ पुरस्कार वितरण गरिने भन्दा अघिल्लो शैक्षिक सत्रमा जम्मा विद्यालयमा उपस्थित दिन:

१२ अध्यापन गरेको कक्षा र विषयमा अनुसन्धान गरी अधिल्लो वर्षको का. स. मु. साथ पेश गरेको कार्यमुलक अनुसन्धानको प्रस्तावना र प्रतिवेदन

१३ विद्यालयको शैक्षिक सुधारका लागि आफनै पहलमा गरेका कार्यहरु

क

ख

१० हालसम्म कुनै पुरस्कार प्राप्त गरेको भए सोको विवरण:

| क्र. स. | पुरस्कारको नाम | प्रदान गर्ने निकाय | साल |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

उपरोक्त वमोजिमका विवरण तथा संलग्न कागजातहरु फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

शिक्षकको नाम: ठेगाना:

हस्ताक्षर: मिति:

सिफारिस गर्ने प्रधानाध्यापकको नाम: हस्ताक्षर: मिति:

विद्यालयको छाप

**शिक्षकले पुरस्कारका लागि निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:-**

क) नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि

ख) विषय, कक्षा र औसत उपलव्धी प्रमाणित गरेको विद्यालयको पत्र

ग) विद्यालय खुलेको दिन र उपस्थित दिन प्रष्ट खुलेको विद्यालयको पत्र

घ) विद्यालयको सिफारस पत्र साथ कार्य सम्पादन मुल्याङ्कन फारम भर्दा पेश गरेको कार्यमुलक अनुसन्धानको प्रस्तावना र प्रतिवेदन

ङ) शुरु नियुक्ति (स्थायी र अस्थायी) पत्रको प्रतिलिपि र सबै सेवा समिटिएको हालको विद्यालयवाट सेवा प्रमाणित (असाधारण विदा लिएको भए अवधि खुलेको)

च) विभागीय कारवाही नभएको विद्यालयको पत्र

## अनुसूची — २

### (मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### राष्ट्रिय शिक्षा पुरस्कारको लागि शिक्षक सिफारिस गर्नका लागि अङ्क विभाजनका आधार

| क्र . .स | अंक प्रदान गर्ने आधारहरु | पूर्णाङ्क | व्याख्या | प्रदान गरिने अंक |
|---|---|---|---|---|
| १ | नतिजा/उपलब्धी | २५ | नियुक्ति प्राप्त गरेको तह र विषयमा आफूले अध्यापन गर्ने उपल्लो कक्षाको अन्तिम परीक्षाको नतिजा/उपलब्धी | क) ८०% वा सो भन्दा माथि: २५ अंक<br>ख) ६० देखि ८०% भन्दा कम २० अंक<br>ग) ४० देखि ६०% भन्दा कम- १५ अंक |
| २ | उपस्थिति दिन | २५ | पुरस्कार वितरण गरिने भन्दा अघिल्लो शैक्षिक सत्रमा विद्यालय खुलेको दिन र उपस्थित भएको दिन | क) ९५% वा सो भन्दा माथि : २५ अंक<br>ख)८५ देखि ९५% भन्दा कमः २० अंक<br>ग)७० देखि ८५% भन्दा कम : १५ अंक |
| ३ | अध्यापन गरेको विषयमा गरेको अनुसन्धान प्रस्तावना र प्रतिवेदन | २५ | कार्य सम्पादन मुल्याङ्कन फारम भर्दा पेश गरेको कार्यमुलक अनुसन्धानको प्रतिवेदन | अति राम्रो २५<br>मध्यम २०<br>सामान्य १५ |
| ४ | सेवा अबधि | २५ | सेवा अवधि (स्थायी र अस्थायी ) | निवेदन दिने अन्तिम म्याादसम्म सेवा गरेको प्रत्येक वर्षका लागि १ अंकका दरले वढीमा २५ अंक महिना र दिनका लागि अंक प्रदान नगर्ने |
| | जम्मा | १०० | | |

## अनुसूची — ३
### (मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
### राष्ट्रिय शिक्षा पुरस्कारको लागि विद्यालय कर्मचारीले दिइने निवेदनको ढाँचा

१ कर्मचारीको नामथर: २ विद्यालयको नाम:

३ विद्यालयको ठेगाना: ४ सम्पर्क नम्बर:

५ पद: ६ नियुक्ति मिति :अस्थायी मिति २० स्थायी मिति २०

७) जम्मा सेवा अवधि .......वर्ष............महिना .........दिन

७ शैक्षिक सत्र २०८० मा जम्मा विद्यालय खुलेको दिन:

८ शैक्षिक सत्र २०८० मा विद्यालयमा हाजिर भएको दिन:

९ राम्रो आचरण भएको भनी विद्यालय व्यवस्थापन समितिले गरेको निर्णय सहितको सिफारिस पत्र

१० हालसम्म कुनै पुरस्कार प्राप्त गरेको भए सोको विवरण:

| क्र.स. | पुरस्कारको नाम | प्रदान गर्ने निकाय | साल |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

उपरोक्त वमोजिमका विवरण तथा संलग्न कागजातहरु फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

कर्मचारीको नामथर : पद:

हस्ताक्षर: मिति:

सिफारिस गर्ने प्रधानाध्यापकको नामथर : मिति:

हस्ताक्षर:

विद्यालयको छाप

कर्मचारीले पुरस्कारका लागि निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:-

क) नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि
ख) विद्यालयको सेवा प्रमाणित पत्र
ग) विद्यालय खुलेको दिन र उपस्थित भएको दिन खुलेको विद्यालयको पत्र
घ) आचरण राम्रो भएको भनी वि.व्य.स. को निर्णय एवम् विद्यालयको सिफारिस

## अनुसूची – ४

### (मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### राष्ट्रिय शिक्षा पुरस्कारको लागि विद्यालय कर्मचारी सिफारिस गर्नका लागि अङ्क विभाजनका आधार

| क्र . .स | अंक प्रदान गर्ने आधारहरु | पूर्णाङ्क | व्याख्या | प्रदान गरिने अंक |
|---|---|---|---|---|
| १ | उपस्थित दिन | २५ | पुरस्कार वितरण गरिने भन्दा अघिल्लो शैक्षिक सत्रमा विद्यालय खुलेको दिन र उपस्थित भएको दिन | - ९५% वा सो भन्दा माथि : २५ अंक<br>- ८५% देखि ९५% भन्दा कमः २० अंक<br>- ७५% देखि ८५% भन्दा कम : १५ अंक<br>- ७५% भन्दा कम : १० अंक |
| २ | सेवा अवधि | २५ | एउटै विद्यालय वा फरक फरक विद्यालयमा गरेको सेवा अवधि | काम गरेको अवधिको प्रति वर्ष १ अंकका दरले वढीमा २५ अंक |
| ३ | सिफारिस | २५ | राम्रो आचरण भएको भनी वि. व्य.स.ले गरेको निर्णय र विद्यालयको सिफारिस | - निर्णय सहितको सिफारिस भएकोमा – २५ अंक<br>- सिफारिस मात्र भएमा- २० अंक |
| ४ | समग्र मुल्याङकन | २५ | मन्त्रालयवाट समय समयमा भएको स्थलगत निरीक्षण र निवेदनको समग्र मुल्याङ्कनका आधारमा गरिएको मुल्याङ्कन | क) अति राम्रो- २५ अंक<br>ख) राम्रो- २० अंक<br>ग) मध्यम- १५ अंक<br>घ) सामान्य- १० अंक |
| | जम्मा | १०० | | |

## अनुसूची — ५
### (मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
### राष्ट्रिय शिक्षा पुरस्कारको लागि विद्यालयका संस्थापक/वि.व्य.स. पदाधिकारीका लागि निवेदनको ढाँचा

१ पदाधिकारीको नामथर: २ विद्यालयको नाम:

३ विद्यालयको ठेगाना: ४ सम्पर्क नम्बर:

५ पद:

६ उक्त पदमा रही गरेको कार्यावधि: वर्ष महिना दिन

७ विद्यालयको समग्र नतिजा संवन्धित स्थानीय तह भित्र तुलनात्मक रुपमा राम्रो रहेको र विद्यालयको व्यवस्थापन समितिको वैठक नियमित एवम् शैक्षिक संस्था सञ्चालन र व्यवस्थापनमा क्रियाशिलता राम्रो रहेको भनी स्थानीय तहले गरेको सिफारिस:

९ आफनो पहलमा भएका सुधारहरु:

क)

ख)

ग)

१० हालसम्म कुनै पुरस्कार प्राप्त गरेको भए सोको विवरण:

| क्र. स. | पुरस्कारको नाम | प्रदान गर्ने निकाय | साल |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

उपरोक्त वमोजिमका विवरण तथा संलग्न कागजातहरु फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

पदाधिकारीको नामथर: पद:

हस्ताक्षर: मिति:

**व्यवस्थापन समितिका पदाधिकारीले पुरस्कारका लागि निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:-**

क) नेपाली नागरिकताको प्रमाणपत्र
ख) सम्बन्धित स्थानीय तहको बुँदा ७ वमोजिमको सिफारिस
ग) बैठकका निर्णयका प्रतिलिपिहरु
घ) वि.व्य.स. गठन गर्दाको अभिभावक भेलाको निर्णयको प्रतिलिपि
ङ) मापदण्डको दफा ९ बमोजिम अयोग्य नठहरिएको
च) सञ्चालित कक्षाहरु मध्ये उपल्लो कक्षाको प्रमाणित मार्क लेजर

**अनुसूची — ६**

**(मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**राष्ट्रिय शिक्षा पुरस्कारको लागि विद्यालयका संस्थापक/वि.व्य.स. पदाधिकारीको छनौटका लागि मूल्याङ्कनका आधार**

| क्र.सं. | अंक प्रदान गर्ने आधारहरु | पूर्णाङ्क | व्याख्या | प्रदान गरिने अंक |
|---|---|---|---|---|
| १ | विद्यालयको समग्र नतिजा स्थानीय तहभित्र तुलनात्मक रुपमा राम्रो रहेको | ३० | विद्यालयमा सञ्चालित कक्षाहरु मध्ये उपल्लो कक्षाको उपलव्धी | क) स्थानीय स्तरमा उत्कृष्ट भएको सिफारिस सहित सबै विद्यार्थी ग्रेडेड भएमा ३० अंक<br>ख)८० देखि १०० प्रतिसत भन्दा कम ग्रेडेड भएमा २५ अंक<br>ग) ८० प्रतिसत भन्दा कम ग्रेडेड भएमा २० अंक |
| २ | बैठकको नियमितता र व्यवस्थापनमा क्रियाशिलता | ४० | पुरस्कार वितरण गरिने भन्दा अघिल्लो शैक्षिक सत्रमा कम्तिमा २ महिनाको १ पटक बैठक बसेको | क) कम्तीमा २ महिनाको १ पटक वसी भौतिक, शैक्षिक र आर्थिक विकासका लागि निर्णय भएको- ४० अंक<br>ख) औपचारिक वैठकमात्र- ३० अंक<br>ग) नियमानुसार न्युनतम् वैठक नबसेको २० |
| ३ | सेवा अबधि | १५ | विद्यलाय व्यवस्थापन समितको अध्यक्ष वा सदस्य पदमा रही काम गरेको अनुभव | काम गरेको प्रत्येक वर्षका लागि १ अंकका दरले वढीमा १५ अंक वर्ष भन्दा कम अवधिलाई अंक प्रदान नगर्ने |
| ४ | निवेदकको समग्र मुल्याङ्कन | १५ | निवेदन दिने पदाधिकारीको निवेदनको समग्र मुल्याङ्कन | क) अति राम्रो १५<br>ख) राम्रो १०<br>ग) सामान्य ५ |
| | जम्मा | १०० | | |

**अनुसूची — ७**

**(मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**शिक्षा पुरस्कारको लागि विद्यालयले पेश गर्ने निवेदनको ढाँचा**

**१. विद्यालयको नाम :**

**२. विद्यालयको ठेगाना :**

**३. प्रधानाध्यापकको नामथर :**

**४. इमेल ठेगाना :** **५. सम्पर्क नं:**

**५. विद्यालयको इमिस कोड**

**६. गत शैक्षिक सत्रको कक्षागत विद्यार्थी संख्या विवरण:**

| पूर्व प्राथमिक | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

उपरोक्त वमोजिमका विवरण तथा संलग्न कागजातहरु फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

**<u>प्रधानाध्यापकको</u>** **<u>वि.व्य.स. अध्यक्षको</u>**

**हस्ताक्षर :** **हस्ताक्षर :**

**नाम थर :** **नाम थर :**

**विद्यालयको छाप :**

**७. निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

**क)** अघिल्लो शैक्षिक सत्रको माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को शिक्षा विकास तथा समन्वय इकाईबाट प्रमाणित गरिएको मार्क लेजर

ख) कक्षा ९ मा दर्ता (रजिष्ट्रेशन) भएको विद्यार्थी विवरणको शिक्षा विकास तथा समन्वय इकाईबाट प्रमाणित गरिएको प्रति (जस्तै : २०८० सालमा एसइइ परीक्षामा समावेश भएकाको हकमा २०७९ मा कक्षा ९ मा रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको संख्यात्मक विवरण)

**अनुसूची — ८**

**(मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**शिक्षा पुरस्कारको लागि विद्यालय मूल्याङ्कनका आधारहरु**

१) अघिल्लो शैक्षिक सत्रको माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को परीक्षाफलमा आधारित अङ्क-९०

$$\frac{\sum(\text{GPA Obtain by Students})}{(\text{Total no. of appeared Students} \times 4} \times १००$$

**२)** कक्षा नौ को विद्यार्थी दर्ता (रजिष्ट्रेशन) मा आधारित अंक १०

$$\frac{\text{माध्यमिक शिक्षा परीक्षामा समावेश गरिएको विद्यार्थी संख्या}}{\text{कक्षा ९ मा दर्ता (रजिष्ट्रेशन) भएको विद्यार्थी संख्या}} \times 10$$

कूल प्राप्ताङ्क = १) +२)

अनुसूची — ९

(मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**शिक्षा पुरस्कारको लागि सामुदायिक क्याम्पसले पेश गर्ने निवेदनको ढाँचा**

१. क्याम्पसको नाम :

२. क्याम्पसको ठेगाना :

३. क्याम्पस प्रमुखको नामथर :

४. इमेल ठेगाना : ५. सम्पर्क नं:

५. गत शैक्षिक सत्रको तह र संकायगत विद्यार्थी संख्या विवरण:

| तह/संकाय | स्नातक | स्नातकोत्तर | जम्मा |
|---|---|---|---|
| शिक्षा | | | |
| समाजशास्त्र | | | |
| विज्ञान | | | |
| व्यवस्थापन | | | |
| कानून | | | |
| | | | |
| | | | |
| | | | |

६. आफ्नो क्याम्पसको मिल्ने अवस्थामा रेजा (✓) लगाउनुहोस् र सोसँग सम्बन्धित कागजात यसैसाथ संलग्न गर्नुहोस्।

| No. | Description of the indicator | Tick Mark (✓) | Remarks |
|---|---|---|---|
| 1 | **Physical facilities** | | |
| 1.1 | Adequacy of number of classrooms and laboratories (if applicable) for enrollment | | |
| a | No short Fall | | |
| b | Short fall by up to 20 % | | |
| c | Sort fall of over 20 % but less than 30 % | | |
| d | shortfall of 30 % or more | | |
| a | surplus of up to 20 % surplus | | |
| b | surplus of over 20 % but less than 30 % | | |
| c | surplus of over 30 % but less than 50 % | | |
| d | surplus over 50 % | | |
| 1.2 | Number of books issued per student per year | | |
| a | >10 | | |

| No. | Description of the indicator | Tick Mark (✓) | Remarks |
|---|---|---|---|
| b | > 5 to 10 | | |
| c | > 2 to 5 | | |
| d | 2 or less | | |
| 1.3 | Number of computers per 100 students | | |
| a | >5 | | |
| b | > 3 to 5 | | |
| c | 3 or less | | |
| 2 | Level wise Student Pass Rate | | 25 |
| 2.1 | Pass rate of master's Level | | |
| 2.1.1 | Number Passed as % of number appeared in exam | | |
| a | <20 % | | |
| b | 20 % to 40 % | | |
| c | >40 % to 60 % | | |
| d | > 60 % to 80 % | | |
| e | > 80 % | | |
| 2.1.2 | Exam appeared as % of admitted (for campuses enforcing admission deadline) | | |
| a | > 90 % | | |
| b | > 80 % to 90 % | | |
| c | > 60 % to 80 % | | |
| d | 60 % or less | | |
| **2.2** | **Pass rate of bachelor's Level** | | |
| 2.2.1 | number of student Passed as % of number of students appeared in exam | | |
| a | <20 % | | |
| b | 20 % to 40 % | | |
| c | > 40 % to 60 % | | |
| d | > 60 % to 80 % | | |
| e | > 80 % | | |
| 2.2.2 | Exam appeared as % of admitted (for only campuses enforcing admission deadline) | | |
| a | > 90 % | | |
| b | > 80 % to 90 % | | |
| c | > 60 % to 80 % | | |
| d | 60 % or less | | |
| **3** | **Innovative Work** | | 20 |
| 3.1 | QAA | | |
| a | Accredited | | |
| b | QAA cycle completed | | |
| 3.2 | Tracer studies | | |
| a | Tracer studies report disclosed publicly | | |
| b | Tracer studies report disclosed publicly including percentage of graduates self/ employed or admitted for further study within predefined duration | | |
| 3.2 | Non -credit courses offered to enhance program relevance | | |
| 3.4 | campus academic calendar published and enforced if different from that of affiliating university | | |
| 3.5 | Collaboration with employers | | |
| 3.6 | Publication | | |

| No. | Description of the indicator | Tick Mark (✓) | Remarks |
|---|---|---|---|
| 3.5 | Collaboration with employers | | |
| 3.6 | Publication of peer reviewed journal | | |
| 3.7 | merit-based admission enforced | | |
| **4** | **Research Publications and Qualification** | | **20** |
| 4.1 | Number of Publications in indexed peer reviewed journals | | |
| a | More than 1 for 50 full time Faculty | | |
| b | More than 3 for 50 full time Faculty | | |
| c | More than 6 for 50 full time Faculty | | |
| d | More than 10 for 50 full time Faculty | | |
| 4.2 | Numbers of Publication in peer reviewed journal | | |
| a | More than 1 for 50 full time Faculty | | |
| b | More than 2 for 50 full time Faculty | | |
| c | More than 4 for 50 full time Faculty | | |
| d | More than 7 for 50 full time Faculty | | |
| 4.3 | Qualification of teaching staff | | |
| 4.3.1 | Percentage of full time teaching staff | | |
| a | >= 50 % and < 75 % full time | | |
| b | > = 75 % and < 100 % full time teaching staff | | |
| c | = 100 % full time teaching staff | | |
| 4.3.2 | Percentage of full time teaching staff holding M.phil/phD degree | | |
| a | >= 70 % | | |
| b | > =40 % and < 70 % | | |
| c | > 10 % and < 40 % | | |
| d | <= 10 % | | |
| 4.3.3 | Percentage of Part time teaching staff holding M.phil/phD degree | | |
| a | > = 70 % | | |
| b | > = 40 % and < 70 % | | |
| c | > = 10 % and < 40 % | | |
| d | < = 10 % | | |
| **5** | **Administrative and Financial Management** | | 20 |
| 5.1 | Publication of annual report | | |
| a | Excellent ( good coverage and Quality) | | |
| b | Good (poor coverage and Quality) | | |
| 5.2 | Quality of website | | |
| a | Excellent (good coverage and regular updating) | | |
| b | Good (poor coverage and /or irregular updating ) | | |
| 5.3 | Audit report for the due year completed on time | | |
| 5.4 | Duly formed management body formed within the due date and met as prescribed during the last fiscal year | | |
| a | Number of meetings as prescribed or more | | |
| b | Number of meetings less than prescribed | | |
| 5.5 | Percentage of graduates available for last one year as compared to enrolment | | |
| a | > = 75 % | | |
| b | > 50 % and < 75 % | | |
| c | > = 25 and < 50 % | | |
| d | < 25 % | | |
| **6** | **Enrolment** | | 5 |

| No. | Description of the indicator | Tick Mark (✓) | Remarks |
|---|---|---|---|
| a | Last date of admission prescribed and enforced or university registration completed by due date | | |
| b | last date of admission not  enforced and  university registration not completed by due date | | |
| Total | | | 100 |

उपरोक्त वमोजिमका विवरण तथा संलग्न कागजातहरु फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

क्याम्पस प्रमुखको

हस्ताक्षर :

नाम थर :

सञ्चालक समितिको अध्यक्षको

हस्ताक्षर :

नाम थर :

क्याम्पसको छाप

सामुदायिक क्याम्पसले पुरस्कारका लागि निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः-

क) क्याम्पसको अनुमति/स्वीकृति खुलेको कागजात
ख) भौतिक सुविधा सम्बन्धी विवरण
ग) Quality Assurance and Accreditation (QAA)
घ) तहगत विद्यार्थी उत्तिर्ण दर
ङ) नवप्रवर्तनात्मक कार्य विवरण
च) अनुसन्धान, प्रकाशन र योग्यता सम्बन्धी विवरण
छ) प्रशासनिक र आर्थिक व्यवस्थापन सम्बन्धी विवरण
ज) विद्यार्थी भर्ना दर सम्बन्धी विवरण

## अनुसूची – १०

## (मापदण्डको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## शिक्षा पुरस्कारको लागि सामुदायिक क्याम्पसको मूल्याङ्कनका आधारहरु

| No. | Description of the indicator | Indicator Mark | sub-Indicator mark | sub-sub-indicator mark | Achievement Marking scheme |
|---|---|---|---|---|---|
| **1** | **Physical facilities** | **10** | | | |
| 1.1 | Adequacy of number of classrooms and laboratories (if applicable) for enrollment | | 5 | | |
| a | No short Fall | | | | 5 |
| b | Short fall by up to 20 % | | | | 3 |
| c | Sort fall of over 20 % but less than 30 % | | | | 2 |
| d | shortfall of 30 % or more | | | | 0 |
| a | surplus of up to 20 % surplus | | | | 5 |
| b | surplus of over 20 % but less than 30 % | | | | 3 |
| c | surplus of over 30 % but less than 50 % | | | | 2 |
| d | surplus over 50 % | | | | 0 |
| 1.2 | Number of books issued per student per year | | 3 | | |
| a | >10 | | | | 3 |
| b | > 5 to 10 | | | | 2 |
| c | > 2 to 5 | | | | 1 |
| d | 2 or less | | | | 0 |
| 1.3 | Number of computers per 100 students | | | 2 | |
| a | >5 | | | | 2 |
| b | > 3 to 5 | | | | 1 |
| c | 3 or less | | | | 0 |
| 2 | Level wise Student Pass Rate | 25 | | | |
| 2.1 | Pass rate of master's Level | | 7 | | |
| 2.1.1 | Number Passed as % of number appeared in exam | | | 4 | |
| a | <20 % | | | | 0 |
| b | 20 % to 40 % | | | | 1 |
| c | >40 % to 60 % | | | | 2 |
| d | > 60 % to 80 % | | | | 3 |
| e | > 80 % | | | | 4 |
| 2.1.2 | Exam appeared as % of admitted (for campuses enforcing admission deadline) | | | 3 | |
| a | > 90 % | | | | 3 |
| b | > 80 % to 90 % | | | | 2 |
| c | > 60 % to 80 % | | | | 1 |
| d | 60 % or less | | | | 0 |
| **2.2** | **Pass rate of bachelor's Level** | | 18 | | |

| No. | Description of the indicator | Indicator Mark | sub-Indicator mark | sub-sub-indicator mark | Achievement Marking scheme |
|---|---|---|---|---|---|
| 2.2.1 | number of student Passed as % of number of students appeared in exam | | | 10 | |
| a | <20 % | | | | 0 |
| b | 20 % to 40 % | | | | 4 |
| c | > 40 % to 60 % | | | | 6 |
| d | > 60 % to 80 % | | | | 8 |
| e | > 80 % | | | | 10 |
| 2.2.2 | Exam appeared as % of admitted (for only campuses enforcing admission deadline) | | | 8 | |
| a | > 90 % | | | | 8 |
| b | > 80 % to 90 % | | | | 6 |
| c | > 60 % to 80 % | | | | 4 |
| d | 60 % or less | | | | 0 |
| 3 | Innovative Work | 20 | | | |
| 3.1 | QAA | | 5 | | |
| a | Accredited | | | | 5 |
| b | QAA cycle completed | | | | 2 |
| 3.2 | Tracer studies | | 5 | | |
| a | Tracer studies report disclosed publicly | | | | 2 |
| b | Tracer studies report disclosed publicly including percentage of graduates self/ employed or admitted for further study within predefined duration | | | | 5 |
| 3.2 | Non -credit courses offered to enhance program relevance | | 1.5 | | |
| 3.4 | campus academic calendar published and enforced if different from that of affiliating university | | 2 | | |
| 3.5 | Collaboration with employers | | 1 | | |
| 3.6 | Publication | | | | |
| 3.5 | Collaboration with employers | | | | |
| 3.6 | Publication of peer reviewed journal | | | | |
| 3.7 | merit-based admission enforced | | | | |
| **4** | **Research Publications and Qualification** | **20** | | | |
| 4.1 | Number of Publications in indexed peer reviewed journals | | 10 | | |
| a | More than 1 for 50 full time Faculty | | | | |
| b | More than 3 for 50 full time Faculty | | | | |
| c | More than 6 for 50 full time Faculty | | | | |

| No. | Description of the indicator | Indicator Mark | sub-Indicator mark | sub-sub-indicator mark | Achievement Marking scheme |
|---|---|---|---|---|---|
| d | More than 10 for 50 full time Faculty | | | | |
| 4.2 | Numbers of Publication in peer reviewed journal | | 5 | | |
| a | More than 1 for 50 full time Faculty | | | | |
| b | More than 2 for 50 full time Faculty | | | | |
| c | More than 4 for 50 full time Faculty | | | | |
| d | More than 7 for 50 full time Faculty | | | | |
| 4.3 | Qualification of teaching staff | | 5 | | |
| 4.3.1 | Percentage of full time teaching staff | | | 1.5 | |
| a | >= 50 % and < 75 % full time | | | | 0.5 |
| b | > = 75 % and < 100 % full time teaching staff | | | | 0.75 |
| c | = 100 % full time teaching staff | | | | 1.5 |
| 4.3.2 | Percentage of full time teaching staff holding M.phil/phD degree | | | 3.5 | |
| a | >= 70 % | | | | 3.5 |
| b | > =40 % and < 70 % | | | | 2.5 |
| c | > 10 % and < 40 % | | | | 1.5 |
| d | <= 10 % | | | | 0.5 |
| 4.3.3 | Percentage of Part time teaching staff holding M.phil/phD degree | | | 1.5 | |
| a | > = 70 % | | | | 1.5 |
| b | > = 40 % and < 70 % | | | | 1 |
| c | > = 10 % and < 40 % | | | | 0.75 |
| d | < = 10 % | | | | 0.5 |
| 5 | Administrative and Financial Management | 20 | | | |
| 5.1 | Publication of annual report | | 4 | | |
| a | Excellent ( good coverage and Quality) | | | | 4 |
| b | Good (poor coverage and Quality) | | | | 2 |
| 5.2 | Quality of website | | 4 | | |
| a | Excellent (good coverage and regular updating) | | | | 4 |
| b | Good (poor coverage and /or irregular updating ) | | | | 2 |
| 5.3 | Audit report for the due year completed on time | | 4 | | |
| 5.4 | Duly formed management body formed within the due date and met as prescribed during the last fiscal year | | 4 | | |

| No. | Description of the indicator | Indicator Mark | sub-Indicator mark | sub-sub-indicator mark | Achievement Marking scheme |
|---|---|---|---|---|---|
| a | Number of meetings as prescribed or more | | | | 4 |
| b | Number of meetings less than prescribed | | | | 2 |
| 5.5 | Percentage of graduates available for last one year as compared to enrolment | | 4 | | |
| a | > = 75 % | | | | 4 |
| b | > 50 % and < 75 % | | | | 3 |
| c | > = 25 and < 50 % | | | | 2 |
| d | < 25 % | | | | 1 |
| **6** | **Enrolment** | 5 | | | |
| a | Last date of admission prescribed and enforced or university registration completed by due date | | | | 5 |
| b | last date of admission not enforced and university registration not completed by due date | | | | 2 |
| Total | | 100 | | | |